मिति: २०८१/०७/२३

सम्माननीय प्रधानमन्त्री श्री के.पि.शर्मा ओलीज्यू
नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं ।

**विषय : आवश्यक जानकारी तथा निर्देशनका सम्बन्धमा ।**

महोदय,

सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष मेरो निवेदन के छ भने नेपाल राष्ट्र बैंकका तर्फबाट हालै मिति २०८१/०६/०८ गते गरिएको एक कार्यक्रममा बैंकका पहिलो गभर्नर स्व. हिमालय शमशेर ज.ब.रा.को सम्मानमा होटेल ह्यात रिजेन्सीको सभाहलमा एक गोष्ठी गरी हाम्रो घनिष्ट र निकट छिमेकी मित्रराष्ट्र भारतका रिजर्भ बैंकका गभर्नर श्री शक्तिकान्त दासबाट "First Himalaya Shamsher Memorial Lecture on Central Banking in the 21st Century: Changing Paradigm" विषयमा प्रवचन गराइयो । नेपालका लागि एक महत्वपूर्ण छिमेकी मुलुकको केन्द्रिय बैंकको गभर्नरबाट गरिएको उक्त प्रवचन निक्कै नै गहकिलो रहेको थियो ।

उक्त प्रवचन पछि होटलको दिवाखाना सकेर करिव २:०० बजेको समयमा नेपाल राष्ट्र बैंक, वालुवाटार स्थित गभर्नरको कार्यालयको बैठक कक्षमा दुवै देशका गभर्नरहरुबीच नेपाल-भारत सीमा वारपार हुने भुक्तानी पद्दतीलाई आगामी दिनमा अझ सहज र सरल बनाउन दुवैतर्फबाट उपयुक्त डिजिटल उपकरण सञ्चालन गर्ने सम्बन्धमा छलफल भयो, जुन अत्यन्त सकारात्मक रहेको थियो । सो छलफलमा भारतीय रिजर्भ बैंकका तर्फबाट गभर्नर दासका अतिरिक्त गुनवीर सिंह, सत्यशिव पाणिग्रही र मेजर यशपाल सिंह चरण तथा नेपाल राष्ट्र बैंकका तर्फबाट निलम ढुंगाना तिम्सिना, बम बहादुर मिश्र, नेफिल माताङ्गि मास्के, स्वयं म विनोद राज आचार्य, निश्चल अधिकारी, डिल्लिराम पोखरेल र स्वेच्छा शाक्यको उपस्थिति रहेको थियो । उक्त छलफल लगत्तै गभर्नर दासबाट गभर्नर महा प्रसाद अधिकारीलाई महात्मा गान्धी अंकित सिक्का प्रदान गर्नुभयो भने गभर्नर अधिकारीले पनि गभर्नर दासलाई नेपालको टक्सारबाट टङ्कण गरिएका गाई अंकित २ थान चाँदीका सिक्का सहितको सानो निलो सन्दुक सहित उपहार दिनु भयो, जुन स्वभाविक नै थियो । तर, तत्पश्चात गभर्नर अधिकारीको हरकत अत्यन्त अपरिपक्क रह्यो, जुन नेपाल राष्ट्र बैंकका लागि मात्र नभएर समग्र मुलुककै लागि अति नै लज्जाजनक थियो । ***त्यो के भने निज गभर्नर अधिकारीले गभर्नर दासलाई दिएकै स्वरुपको निलो रंगको सानो सन्दुक खोली त्यसमा आफ्नो भिजिटिङ्ग कार्ड समेत राखी गभर्नर दास मार्फत भारतीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई उक्त गाई अंकित सिक्काहरु अर्पण गर्नुभयो ।***

अझ सुन्दा त्यो भन्दा पनि विरक्त लाग्ने के भएछ भने त्यसरी सन्दुकमा राखी उपहार स्वरुप भारत पठाइएका सिक्का खोटा र स्वरुप विग्रेका भन्ने जानकारी उतैबाट आएपछि तत्काल गभर्नर कार्यालयका उपनिर्देशक स्वेच्छा शाक्यलाई मुम्बई भ्रमण काजमा खटाई निज मार्फत उक्त खोटा र स्वरुप विग्रेका सिक्काको बदलामा नयाँ सिक्काहरु दिई पठाइयो । पछि बुझ्दै जाँदा के भएको रहेछ भने सुरुमा

गभर्नर कार्यालयले टक्सारबाट उपहार शिर्षक अन्तर्गत खरिद गरेको उक्त सिक्काहरु सङ्लो नै रहेपनि डल्लु स्थित विष्णुमतिको पुरानो पुल हुँदै स्वयम्भू निस्कने ठाउँमा रहेको शाक्य अर्नामेण्टस् (प्रो. अनिल शाक्य, मो.नं. ९८५१०५५२६६) ले बनाएको सन्दुकको साइज सानो भएको कारण सो सन्दुकमा जबरजस्ती सिक्का राख्दा उक्त सिक्का कुच्चिएका रहेछन् । जसको कारण अन्तराष्ट्रिय सीमा बाहिर नेपाल र नेपालीको वेइज्जत हुन पुग्यो । यसै सन्दर्भमा मेरा केहि जिज्ञासा समेत यस प्रकारका रहेका छन्;

१) उक्त कार्यक्रम कुटनीतिक आचार संहिता, २०७७ को दफा ७ को उपदफा (१) बमोजिम भएको हो, होइन ?

२) उपहार आदान प्रदानका सम्बन्धमा कुटनीतिक आचार संहिता, २०७७ को दफा ११ को पालना भएको छ, छैन ?

३) उक्त कार्यक्रमका विषयमा कुटनीतिक आचार संहिता, २०७७ को दफा १४ बमोजिम परराष्ट्र मन्त्री संयोजक रहने आचार संहिता पालना अनुगमन समितिले छानविन तथा अनुगमन गर्नुपर्ने हो, होइन ?

यसरी, उक्त उपहार पठाउन भनी सम्माननीय प्रधानमन्त्री श्री के.पि.शर्मा ओलीज्यू कै आदेश तथा निर्देशन अनुरुप निज गभर्नर महा प्रसाद अधिकारीले मित्रराष्ट्र भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई पठाएको हो भने मेरो केहि गुनासो छैन । अन्यथा, वहाँले आफुखुसी सो कार्य गरेको हो भने यसलाई सहज मान्न कदापी सकिदैंन । उपरोक्त कृयाकलाप माथी उल्लेखित मिति, समय, स्थान र उपस्थितीमा मेरै सामुन्ने भएको हो भनी जानकारीका लागि म सम्माननीय प्रधानमन्त्री श्री के.पि.शर्मा ओलीज्यूलाई किटानी उजुरी गर्दै निज गभर्नर अधिकारीलाई अब आइन्दा यस्तो कार्य नगर्न आवश्यक निर्देशन दिनुहुन विनम्र अनुरोध गर्दछु । साथै, मेरो उजुरी झुट्टा ठहरे सहुँला बुझौला ।

**बोधार्थ:**

१) सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यू, राष्ट्रपतिको कार्यालय
२) मा. शेर बहादुर देउवा, नेपाली काँग्रेस, संसदीय दलको कार्यालय
३) मा. पुष्प कमल दाहाल प्रचण्ड, ने.क.पा. माओवादी केन्द्र, संसदीय दलको कार्यालय
४) डा. आरजु राणा, परराष्ट्र मन्त्री
५) मा. राजेन्द्र लिङदेन, राष्ट्रिय प्रजातन्त्र पार्टी, संसदीय दलको कार्यालय
६) मा. ज्ञानेन्द्र शाही, राष्ट्रिय प्रजातन्त्र पार्टी, संसदीय दलको कार्यालय
७) मा. उपेन्द्र यादव, जनता समाजवादी पार्टी नेपाल, संसदीय दलको कार्यालय
८) डा. सि. के. राउत, जनमत पार्टी, संसदीय दलको कार्यालय
९) मा. चित्र बहादुर के.सी., राष्ट्रिय जनमोर्चा नेपाल, संसदीय दलको कार्यालय
१०)मा. प्रेम सुवाल, नेपाल मजदुर किसान पार्टी, संसदीय दलको कार्यालय

निवेदक,

विनोद राज आचार्य (बी ५२९)
कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक
मो.नं. ९८५११८२९९२